# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२] काठमाडौं, ज्येष्ठ १६ गते २०२६ साल [अतिरिक्ताङ्क ११


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

राष्ट्र ऋण ऐन २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्र ऋण नियमहरू २०२० को नियम ४ को उप- नियम (१) बमोजिम राष्ट्र ऋण उठाउन ऋणपत्र निष्काशित गरेको छ ।

सो ऋणपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, व्याजको दर, व्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।

१. ऋणको नाम:– यस ऋणको नाम "विकास ऋण २०३६" रहेको छ ।

२. ऋणको उद्देश्य:– विभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ ।

३. निष्काशित ऋणको रकम:– यो ऋणको जम्मा रकम रू. ५,००,००,०००।– (रू. पांच करोड) को हुनेछ ।

४. ऋणको व्यय भार:– यो ऋणको व्यय भार श्री ५ को सरकारको संचित कोष प्रति हुनेछ ।

५. ऋणपत्रको प्रकार:–यो ऋणको ऋणपत्र कम्तीमा रू. २५।– वा २५।- को (Multiple) २५ ले भाग गर्दा निशेष हुने अंकको स्टक वा २५।– ५०।– १००।– १,०००।– १०,०००।– वा १,००,०००।– दरको प्रमिसरी नोटको रूपमा लिन पाउनेछ ।

६. ऋणपत्र विक्री अवधि:– यो ऋणपत्रहरूको विक्री अवधि २०२६ साल ज्येष्ठ १६ गते देखि ऐ मसान्तसम्मको हुनेछ तर आवश्यक देखिएमा ज्येष्ठ मसान्त अगावै पनि विक्री बन्द गर्न सकिनेछ ।

७. ऋणपत्रको विक्री मूल्य:– ऋणपत्रमा उल्लेख गरेबमोजिम पुरापुर मूल्यमा ऋणपत्रहरू विक्री हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. ऋण खरीद गर्न दरखास्त दिनु पर्ने:– (१) ऋणपत्र खरीद गर्नको लागि नेपाल राष्ट्र बैंकले तोकिदिएको ढांचामा राष्ट्र बैंक वा त्यसको एजेण्ट सरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरीद गर्न चाहेको छ त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसीद दरखास्त साथै पेश गर्नु पर्नेछ ।

(३) दरखास्त फाराम निःशुल्क पाइनेछ ।

९. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकार:– चाहिएको भन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ ।

१०. बांडफांट गर्ने अधिकार:– प्राप्त ऋणपत्रहरूको बांडफांट गर्ने अधिकार राष्ट्र बैंकलाई प्रदान गरिएको छ ।

११. स्वीकृत नभएको ऋण फिर्ता हुने:– स्वीकृत नभएको ऋण रकम नेपाल राष्ट्रबैंकबाट यथाशीघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ । यसरी फिर्ता भएको रकममा व्याज दिइने छैन ।

१२. स्वीकृत ऋणको प्रमाणपत्र दिने:– स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक शर्टिफिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालाको माग अनुसार दिइनेछ । दरखास्तवालाले सो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टककै रूपमा दिइनेछ ।

१३. ऋणको व्याज:– ऋणको व्याज राष्ट्र बैंक वा सो बैंकको एजेण्ट सरह भै काम गर्ने अन्य कार्यालयले रकम बुझेर लिएको मिति देखिनै वार्षिक सयकडा ८ १/२ का दरले दिइनेछ ।

१४. ऋणको सांवाको भुक्तानी:– यो ऋणको सांवाको भुक्तानी २०३९ साल ज्येष्ठ मसान्त पछि दिइनेछ ।

१५. ऋणको भुक्तानी दिने ठाउँ:– यो ऋणको सांवा र व्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैंक वा त्यसको एजेण्टमार्फत भुक्तानी दिइनेछ ।

१६. ऋणपत्र सम्बन्धी व्यवस्था:– यो ऋणको व्यवस्था र तत्सम्बन्धी सबै कारवाई नेपाल राष्ट्र बैंकको राष्ट्र ऋण विभागले गर्नेछ ।

१७. ऋणपत्र खरीद गर्ने अधिकार:– यस ऋणको ऋणपत्रहरू खरीद गर्ने अधिकार जुनसुकै व्यक्तिलाई पनि हुनेछ ।

१८. कर नलाग्ने:– यो ऋणपत्रबाट प्राप्त व्याजमा कर छुट दिइएको छ ।

१९. ऋण सम्बन्धी कानूनी कारवाई:– यो ऋण सम्बन्धित कानूनी कारवाई प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।